# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०५,५०२

फ्याक्स: ५२०६००

पत्र संख्या: ०७५/७६

चलानी नं. ३३३८

मिति : २०७५/०६/१७

श्री वडा समितिको कार्यालय सवै
पोखरा महानगरपालिका ।

विषय :- जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा एकिकृत सम्पति करका सम्बन्धमा सम्मानित उच्च अदालत पोखराबाट हालको लागि सो कर असुली नगर्नु भनी आदेश भएको हुदा सोही अनुसार गर्नु हुन अनुरोध छ । साथै व्यवसायकर, घर वहालकर, सिफारिस दस्तुर आदि लिन सकिने व्यहोरा सूचित गरिन्छ ।

.....................................

गंगालाल सुवेदी
उप सचिव

उप-सचिव

आर्थिक ऐन, २०७९

३४. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को,

(१) दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः

**५५. सम्पत्ति करः** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउनेछ।

स्पष्टिकरणः यस उपदफाको प्रयोजनको लागि "चर्चेको जग्गा" भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाँच हजार चार सय छहत्तर वर्ग फीट जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउने भनि तोकेको घरजग्गा बाहेकका अन्य जग्गा भएमा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा देहायका विषयलाई आधार लिनु पर्नेछः



(क) घर र जग्गाको आकार प्रकार र बनौट

(ख) घर र जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य

(ग) घर र जग्गाको व्यापारिक वा आवासिय उपयोगको अवस्था।"

(२) दफा ५६ को सट्टा देहायको दफा ५६ राखिएको छः

**५६. भूमिकर (मालपोत)** : गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनेछ।